# आ.ब.२०७६/७७ को बार्षिक प्रगति समीक्षा

## अध्यागमन कार्यालय, त्रि.अ.बि.
## गौचर, काठमाण्डौ



२०७७ श्रावण १५
अध्यागमन विभाग

# आ.ब.२०७६/७७ मा अध्यागमन कार्यालय, त्रि.अ.बि. को आगमन तथा प्रस्थान विवरण

| बि.सं.२०७६-०४-०१ देखि २०७७-०३-३१ सम्मको सारांश | | | |
|---|---|---|---|
| **देश** | **आगमन** | **प्रस्थान** | जम्मा |
| **नेपाल** | ९१९५६६ | ९६४३४२ | १८८३९०८ |
| **भारत** | १४९९६७ | १४९१९८ | २९९१६५ |
| **बिदेशी** | ४७९९४२ | ५१०५४१ | ९९०४८३ |
| **जम्मा** | **१५४९४७५** | **१६२४०८१** | **३१७३५५६** |
| **गत आ.व. ०७५-०४-०१ देखि ०७६-०३-३१ सम्मको सारांश** | | | |
| **आ.व. ०७५/७६** | **आगमन** | **प्रस्थान** | जम्मा |
| | २१९४६९१ | २२४४३६४ | **४४३९०५५** |

# आ.ब.२०७६/७७ मा अध्यागमन कार्यालय, त्रि.अ.बि.बाट Offload, Entry Refuse भएका साथै Deport भई आएकाको विवरण

| अफलोड गरिएका | इन्ट्रि रिफ्युज गरिएका | डिपोट भई आएका |
|---|---|---|
| 4369 | 147 | 817 |

**अफलोड हुनाका मुख्य कारणहरूः**

- गन्तव्य मुलुकको भिसा नभएको
- श्रम स्वीकृति नलिएको/श्रम स्टिकर नभएको तथा श्रम स्विकृतिको म्याद ९० दिन भन्दा कम भएको
- यात्रा संग सम्बन्धित कागजात शंकास्पद देखिएको (केरमेट भएको, फोटो उप्किएको आदि)
- दुतावासको प्रमाणित कागजात नभएको
- दिल्ली जान लागेको भनी कागजात पेश भएकोमा अनुसन्धानको क्रममा तेस्रो मुलुकको भिषा, टिकट देखिएको
- तोकिएको विदेशी मुद्रा नभएको,होटल बुकिङ्ग वा वस्ने स्थानको जानकारी नभएको तथा भ्रमणको उद्देश्य स्पष्ट नभएको र गन्तव्य मुलुकको नाम नै भन्न नसक्ने
- अध्ययनको लागि जाने भनेकोमा शिक्षा मन्त्रालयको NOC नभएको
- पहिलो पटक नेपाल हुँदै तेस्रो मुलुक प्रस्थान हुन आएका भारतीय नागरिकको हकमा भारतीय दुतावासको No Objection Letter नभएको ।

## ईन्ट्रि रिफ्युज हुनाका कारणहरूः

- प्रचलित अध्यागमन कानून वमोजिम राहदानी र भिषा शंकास्पद देखिएका
- यस कार्यालयमा जडित इन्टरपोलको डाटावेस (Mind Device) मा रहेको अभिलेखका आधारमा खोजी सूचिमा रहेका, विभिन्न आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरु
- अन अराइभल भिषा प्रदान गर्न नसकिने मुलुकका नागरिकहरु भिषा नलिई आएकोमा

## डिपोट भई आउनाका मुख्य कारणहरूः

- भिषाको समयावधि भन्दा बढी लुकेर बसेका,
- नेपालबाट नक्कली भिषा/पासपोर्ट बनाएर विदेश यात्रा गरेका

# आ.ब.२०७६/७७ को बार्षिक कार्यक्रमको प्रगति र खर्चको विवरण

| ब उ शि नं | कार्यक्रम | बार्षिक बजेट | निकासा | खर्च | बाँकी/फिर्ता | खर्च % |
|---|---|---|---|---|---|---|
| ३१४०३०१२३ | चालु | 130151376.70 | 126298808.30 | 126298808.3 | 3852568.4 | 97.04 |
| ३१४०३०१२४ | पुजीगत | 2667000.00 | 2149390.36 | 2149390.36 | 517609.64 | 80.59 |

# राजश्व असुलीको अवस्था

| आ व | भिषा शुल्क | अन्य प्रशासनिक सेवा शुल्क | प्रशासनिक जरिवाना र जफत | बेरुजु | जम्मा |
|---|---|---|---|---|---|
| २०७५।७६ | 1617403734.77 | 5531166.78 | 65368.22 | 219585.04 | 1623219854.81 |
| २०७६।७७ | 1238567862.44 | 17723790.92 | 18656.98 | 202787.25 | 1256513097.59 |



# बेरूजुको अवस्था

| | नियमित गर्ने | असुल गर्ने | जम्मा | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|
| गत आ व सम्मको | 486227.55 | 488366.24 | 974593.79 | |
| आ व २०७५|७६ को | 48115.00 | 5267.92 | 53382.92 | |
| **जम्मा** | **534342.55** | **493634.16** | **१०२७९७७|७१** | |
| यस आ. व. मा गरिएको | 235360.00 | 36739.25 | 272099.25 | 26.46 |
| **बाँकी बेरुजु** | **298982.55** | **456894.91** | **755877.46** | |

# आ.ब.२०७६/७७ मा सम्पादित मुख्य मुख्य कार्यहरू

- **अध्यागमन सुधार आयोजना,२०७६**
  - अध्यागमन विभागको सहयोगमा यस कार्यालयमा Desk Officers को Cabin, Network, Software Replacement (Immigration to Nepali Port) आदि कार्य सम्पन्न गरी १३ माघ २०७६मा सम्मानननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीज्यूबाट समुद्घाटन भै हाल कार्यान्वयनमा आएको।

- **CCTV क्यामेरा जडान**
  - यस कार्यालयको बार्षिक कार्यक्रम (मेशिनरी उपकरण) बाट नपुग रकम अध्यागमन विभागबाट खर्चहुने गरी यस कार्यालयमा आगमन तर्फ २२ वटा र प्रस्थान तर्फ १० वटा गरी ३२ वटा CCTV जडान गरिएको र CCTV Recording System(NVR) को पनि क्षमतामा बृद्धि गरिएको ।

- **फर्निसिङ्**
  - यस अध्यागमन कार्यालयका पुराना File cabin (दराज) हरू हटाई सबैमा Lock गर्न मिल्ने दराजहरू राखिएको
  - यस कार्यालयका प्रमुख अध्यागमन अधिकृतज्यूको कक्ष, प्रशासन शाखामा रंग रोगन, कारपेटिङ् तथा नयाँ सोफा सेट राखिएको ।

# कार्य सम्पादनमा देखिएका समस्याहरु

## नीतिगत समस्या

- एयरलाईन्सहरुलाई नियमन तथा दण्ड जरिवाना गर्न सकिने कानुनी व्यवस्थाको अभावमा कतिपय एयरलाईन्सहरुले अध्यागमन कानून अनुसार नेपालमा On Arrival Visa दिन नसकिने मुलुकका, नेपालको भिषा नभएका यात्रुहरु लिई आउने, यात्रु विवरण समयमै उपलब्ध नगराउने र खबर गरेपछि पनि ढिलो गरी उपलब्ध गराउने प्रवृति रहेको ।

## प्राविधिक समस्या

- ईन्टरनेट नेटवर्क लगायतका प्राविधिक समस्याले अध्यागमन डेस्कबाट हुने कार्यसम्पादनलाई प्रभावित बनाएको ।

**……………………………समस्याहरु**

**संस्थागत समस्या**

- स्वीकृत दरबन्दीको तुलनामा अध्यागमन अधिकृतहरुको पदपूर्ति कम हुनुले कार्यचाप अत्याधिक हुँदा सेवा प्रवाहमा समस्या देखिएको। (अध्यागमन अधिकृतको स्वीकृत दरबन्दी-१२९ जना मध्ये हाल १०५ पदपूर्ति भएकोमा १०२ जना कार्यरत ३ जना अन्यत्र काजमा रहेका)
- कर्मचारीहरुबाट प्रातकालीन, दिवाकालीन र रात्रीकालीन गरी तीन सिफ्टमा सेवा संचालन गरिँदै आईएको तथा सार्वजनिक विदाका दिनहरुमा समेत सेवा प्रवाह गर्नुपर्ने तर यातायातको सुविधा, खानाखाजा खर्च लगायत उत्प्रेरणाका पाटाहरु कमजोर रहेका।

# संरचनागत समस्या

- अध्यागमन कार्यालयको आफ्नै भौतिक संरचनाहरु नभएको नेपाल नागरिक उड्ययन प्राधिकरणको संरचनामा निर्भर रहनु पर्दा विद्युत आपुर्ति लगायतका प्राधिकरण सँग सम्बन्धित समस्याहरु आउने जसमा अध्यागमन कार्यालयको कमजोरी देखिने गरेको।

- **<u>समस्या समाधानका लागि भएका प्रयासहरु</u>**
- अध्यागमन अधिकृतहरुको दरबन्दी पूर्तिका लागि मन्त्रालय समक्ष अनुरोध गरिएको।
- नयाँ अध्यागमन सूचना प्रणाली (नेपाली पोर्ट) लागू भए पश्चात् प्राविधिक एवं प्रशासनिक विषयमा समयमै तालिम संचालन गर्ने गरिएको।
- कर्मचारीलाई प्रदान गर्न सकिने ईन्धन एवं खाजा खर्च सुविधाका सम्बन्धमा विगतमा विभाग समक्ष अनुरोध गरिएको।
- विभागबाट खटिई आएका ईञ्जिनियरहरुबाट प्राप्त सेवाले प्राविधिक समस्या आईहालेपनि यथासमयमा समाधान गर्न सकिने भएको।
- पछिल्लो समय एयरलाईन्ससँग समन्वयात्मक बैठक संचालन गर्ने गरिएको, एयरलाईन्सहरुलाई अध्यागमन सम्बन्धी नयाँ व्यवस्थाहरु यथासिघ्र जानकारी दिने गरिएको हुँदा समस्या केही हदसम्म कम भएको।

- **<u>सुधार गर्नुपर्ने विषय</u>**

- नयाँ सरुवा भइ आउने अध्यागमन अधिकृतहरुलाई डेस्कमा खटाउनुपुर्व आधारभुत तालिम तथा कार्यरत अध्यागमन अधिकृतहरुलाइ रिफ्रेसर तालिमको व्यवस्था गर्नुपर्ने।
- कतिपय अध्यागमन अधिकृतहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राही मैत्री व्यवहार हुन नसकेको भनी गुनासोहरु आउने गरेकोमा सेवाग्राहीहरु सँग मुस्कान सहितको सेवा प्रवाह गर्नुपर्ने ।

# आगामी आ.ब.२०७७/७८ को कार्ययोजना

| कार्ययोजना | जिम्मेवार निकाय | सहयोगी निकाय |
| --- | --- | --- |
| बार्षिक रूपमा सबै Immigration Officer हरूका लागि अध्यागमन सम्बन्धी विषयगत प्रशिक्षण तथा Nepali Port Software सम्बन्धी निरन्तर कार्य योजना बनाई आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रमको व्यवस्था गर्ने । | अध्यागमन विभाग र अध्यागमन कार्यालय त्रि. अ.बि. | अध्यागमन विभाग र अध्यागमन कार्यालय त्रि.अ. बि. |
| अध्यागमनमा कार्यरत सबै कर्मचारीहरूको नियमित रूपमा मासिक तथा बार्षिक स्वास्थ्य परीक्षण लागु गर्ने व्यवस्था मिलाउने । | अध्यागमन कार्यालय त्रि. अ.बि. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मातहतका निकाय तथा CCMC (Covid-19 Crisis Management Committee) |
| अध्यागमन क्षेत्रमा रहेको सम्बन्धित बैंक(रा.वा.बैंक) लाई ATM (SCT, Visa, Master card supported) राख्ने र e-Banking मार्फत भिसा शुल्क लिने व्यवस्था मिलाउने । | अध्यागमन कार्यालय त्रि. अ.बि. | राष्ट्रिय बाणिज्य बैंक अध्यागमन कार्यालय त्रि.अ. बि. |

# आगामी आ.ब.२०७७/७८ को लागि कार्यक्रम कार्यान्वयनको कार्ययोजना - पूँजिगत तर्फ

| कार्यक्रम | परिमाण | सम्पन्न गर्नेपर्ने समय | लागत रकम रु | कैफियत |
|---|---|---|---|---|
| सिसिटिभी जडान | १ | पहिलो चौमासिक | १०००००।०० | |
| टि टेवल खरिद | १० | पहिलो चौमासिकमा ४<br>दोश्रो चौमासिकमा ६ | ५००००।०० | |
| नोटिस बोर्ड खरिद | २ | दोश्रो चौमासिक | २००००।०० | |
| अफिस दराज | ५ | पहिलो चौमासिकमा ३<br>दोश्रो चौमासिकमा २ | १०००००।०० | |
| अफिस टेवल | ५ | पहिलो चौमासिकमा ३<br>दोश्रो चौमासिकमा २ | ७५०००।०० | |
| कुर्सी | १० | पहिलो चौमासिकमा ४<br>दोश्रो चौमासिकमा ३<br>तेश्रो चौमासिकमा ३ | १०००००।०० | |
| ह्याङ्गर | ५ | दोश्रो चौमासिक | २५०००।०० | |
| फर्निसिंग | | | १३००००।०० | |
| | | जम्मा | ६०००००।०० | |


wGojfb